नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

## सूचना

सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७१ को दफा २१ को उपदफा (२) मा भोगाधिकारमा दिएको जग्गा लिजमा परिणत गर्ने प्रयोजनको लागि भूमि व्यवस्थापन तथा अभिलेख विभागले ६ महिनाको अवधि तोकी सार्वजनिक सूचना प्रकाशित गर्ने र सोहि दफाको उपदफा (८) मा "भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले लिजमा परिणत गर्न म्याद भित्र निवेदन नदिएमा सो म्याद समाप्त भएपछि त्यस्तो भोगाधिकार स्वतः समाप्त भएको मानी भोगाधिकारमा दिएको जग्गा नेपाल सरकारले भोग वा कब्जा गर्ने छ " भन्ने व्यवस्था रहेको छ । साथै सोहि दफाको उपदफा (९) मा "भोगाधिकार समाप्ति भएमा सो को सूचना कार्यालयले सम्बन्धित पक्षलाई दिनु पर्नेछ" भन्ने व्यवस्था रहेकोले भूमि व्यवस्थापन तथा अभिलेख विभागले यस प्रयोजनको लागि प्रकाशित गरेको सूचनाको म्यादभित्र भोगाधिकारमा दिएको जग्गा लिजमा परिणत गर्न निवेदन नदिने व्यक्ति, संस्था वा निकायलाई भोगाधिकार अन्त्य भएको जानकारी गराई त्यस्तो जग्गाको जग्गाधनी दर्ता श्रेस्तामा भोगाधिकार समाप्त भएको व्यहोरा जनाउने भनी नेपाल सरकार (मा.मन्त्रीस्तर) बाट मिति २०७७/०५/०७ मा निर्णय भएकोले सम्बन्धित सबै भोगाधिकार प्राप्त व्यक्ति, संस्था वा निकायले प्राप्त गरेको भोगाधिकार स्वत: अन्त्य गरिएको व्यहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०७७/५/२८

टोलराज उपाध्याय
सूचना अधिकारी